# हार्ट क्लब नेपाल

# HEART CLUB NEPAL

स्थापित: २०५४ वि.सं.

# विधान

(*२०५९ सालमा भएको प्रथम संशोधन सहित)

(२०६६ सालमा भएको दोस्रो संशोधन सहित)

Scanned by CamScanner

## हार्ट क्लब नेपाल
# Heart Club Nepal

**प्रस्तावना:**

हृदयरोग जस्तो संवेदनशील रोगबाट प्रभावित व्यक्तिहरूको संख्या दिन पर दिन बढ्दै छ । यो रोगको उपचार, व्यक्ति व्यक्तिले अनुभव गरेका अनुभव र उपचार पश्चात दीर्घ जीवनको लागि अपनाईएका क्रियाकलापहरू अरूको लागि उपयोगी र सहयोगी सिद्ध हुन सक्दछ । त्यसैले यो रोगबाट प्रभावित व्यक्तिहरूलाई एकै थलोमा ल्याई एकतामा आबद्ध गरि पारस्परिक हित, आपसी सहयोग र विचारको आदन-प्रदान गर्ने पवित्र उद्देश्यबाट अभिप्रेरित भई नेपाल अधिराज्यका यो रोगबाट प्रभावित व्यक्तिहरू मिली उक्त कार्यहरू गर्न हार्ट क्लब नेपाल नामको विशुद्ध सामाजिक संस्था संचालनार्थ नेपाल सरकारको स्वीकृति प्राप्त गरी यो क्लब गठन गरिएको छ ।

## परिच्छेद – १ प्रारम्भिक

**सामान्य:**

*१. **संक्षिप्त नाम र प्रारम्भ:**
यस क्लबको नाम Heart Club Nepal हार्ट क्लब नेपाल २०५४ रहने छ । यो विधान तुरून्त प्रारम्भ हुनेछ । यो संस्थाको कार्यक्षेत्र नेपाल अधिराज्यभर हुनेछ । आवश्यकता अनुसार जिल्लामा पनि सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको पूर्व स्वीकृति लिई शाखा कार्यालयहरू समेत खोल्न सकिनेछ ।

*२. **परिभाषा:**
विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा:

क) विधान भन्नाले Heart Club Nepal जसको नेपालीमा हार्ट क्लब नेपालको विधान सम्झनु पर्दछ ।

ख) कार्य समिति भन्नाले साधारण सभाबाट निर्वाचित र विधान बमोजिम मनोनित सदस्यहरूबाट बनेको कार्यकारिणी कार्य समिति सम्झनु पर्दछ ।

ग) क्लब भन्नाले नेपाल अभिराज्य भित्रका हृदय रोगबाट प्रभावित व्यक्तिहरू बीच सहयोग र पारस्परिक हित सम्बन्धी आवश्यक सेवा पुऱ्याउने एक विशुद्ध सामाजिक संस्था सम्झनु पर्दछ ।



Scanned by CamScanner

घ) पदाधिकारी भन्नाले कार्य समितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उप-महासचिव, कोषाध्यक्ष र सदस्यहरूलाई समेत जनाउँछ ।

ङ) सदस्य भन्नाले क्लबको आजीवन सदस्य लगायत विशिष्ट सदस्य र अति विशिष्ट सदस्य समेतलाई जनाउँछ ।

च) सल्लाहकार भन्नाले यस विधान बमोजिम कार्य समितिबाट तोकेको व्यक्तिलाई सम्झनु पर्दछ ।

छ) संस्थापक सदस्य भन्नाले यस क्लब गठनका लागि विधानमा हस्तांक्षर गर्ने पदाधिकारीहरू तथा गठन गर्ने कार्यमा सहभागी (अनुसूची १ बमोजिम)का सदस्यहरू भन्ने सम्झनु पर्दछ ।

ज) केन्द्रिय कार्यालय भन्नाले ललितपुरस्थित हार्ट क्लब नेपाल - २०५४ सम्झनु पर्दछ ।

*३. **संस्थाको चिन्ह र छापः**

क) यस क्लबको छापको चिन्ह पाँच व्यक्तिहरू बीच मुटुको गोलाकार चिन्ह (अनुसूची २) बमोजिम हुनेछ ।

ख) अनुसूची २ बमोजिमको छापमा अन्य जिल्लाको लागि अनुसूची २ (क) मा सम्बन्धित जिल्लाको नाम र शाखा स्थापनाको साल लेख्ने "Heart Club Nepal" शब्द झिकी शाखा कार्यालयको नाम लेख्ने ।

४. **संस्थाको कार्यालयः**

क) यसको कार्यालय ल.पु.उ.म.न.पा. वडा नं. ३, पुल्चोक ललितपुरमा हुनेछ ।

ख) यो एक अविछिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ । यसको कामको लागि छुट्टै छाप हुनेछ र यसले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न र कुनै प्रकारले हस्तान्तरण गरिदिन वा लिन सक्ने छ। यस क्लबले आफ्नो नामबाट नालिस उजुर गर्न सक्ने छ र यस उपर पनि नालिस उजुर लाग्न सक्नेछ ।

## परिच्छेद- २ उद्देश्य

५. **संस्थाको उद्देश्यः**

नेपाल अधिराज्यमा हृदय रोगबाट प्रभावित व्यक्तिहरू मिली पारस्परिक हितका लागि



Scanned by CamScanner

संचालन गरिने विशुद्ध सामाजिक संस्थाको रूपमा Heart Club Nepal नेपालीमा "हार्ट क्लब नेपाल" स्थापना गरिएको छ।

१. हृदय रोगबाट प्रभावित व्यक्तिहरू बीच सम्पर्क स्थापित गरी पारस्परिक हित र आपसी सहयोगात्मक भावनाको विकास गर्ने।

२. प्रभावित व्यक्तिहरूका लागि आवश्यक पर्ने सहयोग उपलब्ध गर्ने गराउने।

३. अक्षयकोष स्थापना गरी आवश्यक सहयोग पुऱ्याउने, र स्वास्थ्य परिक्षण तथा अनुगमन गर्ने कार्य गर्ने।

४. जनचेतना जगाउने कार्यक्रम संचालन गर्ने।

५. राष्ट्रिय तथा अन्तरराष्ट्रियबाट सहयोग प्राप्त गरी उपयोगी कार्यक्रम गर्ने।

६. उपयुक्त ठहरिएका अन्य कार्यहरू गर्ने।

माथिका उद्देश्य बमोजिम कार्य गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेमा पूर्व स्वीकृति लिएर मात्र कार्यहरू गरिनेछ।

७. क्लबले स्वदेशी वा विदेशी संघ संस्थाहरूसँग सहसम्बन्धता आवद्धता स्थापना गर्न सक्नेछ। तर विदेशी संघ संस्थासँग सहसम्बन्धता कायम गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

## परिच्छेद - ३ सदस्य

***६. सदस्यको योग्यताः**

क) हृदय रोगी तथा हृदय रोगबाट प्रभावित हुन सक्ने खतरा भएको सबै व्यक्तिहरू वा औषधि उपचार गरी नियमीत रूपमा जीवनयापन गरी आएका व्यक्ति सदस्य हुन सक्ने छ।

***७. सदस्यताको प्रकारः**

क) साधारण (आजीवन) सदस्य

ख) विशिष्ट सदस्य

ग) अति विशिष्ट सदस्य

घ) मानार्थ सदस्य

१. साधारण सदस्यलाई आजीवन सदस्य मान्ने छ।



Scanned by CamScanner

२. क्लबले कार्य समितिमा आवश्यक ठानेका चिकित्सक तथा सामाजिक क्षेत्रमा प्रतिष्ठित व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

३. क्लबका लागि योगदान दिन सक्ने चिकित्सक (Cardiologist) वा हृदय रोग शल्य चिकित्सक वा प्रतिष्ठित व्यक्तिलाई सल्लाहकारमा राख्न सक्नेछ ।

***८. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः**

क) कुनै पनि हृदय रोगबाट प्रभावित व्यक्तिले शुल्क सहित संलग्न अनुसूची-३ बमोजिमको फाराम भरी सदस्यता प्राप्त गर्न सकिनेछ ।

१) साधारण (आजीवन) सदस्यता शुल्क एकमुष्ट रू. एक हजार

२) विशिष्ट सदस्यता शुल्क एकमुष्ट रू. दश हजार

३) अति विशिष्ट सदस्यता शुल्क एकमुष्ट रू. पचास हजार

४) कार्य समितिले विशिष्ट सदस्यहरूलाई किस्ताबन्दीमा बुझाउने भएमा सम्पूर्ण शुल्क बुझाएपछि सदस्यता प्रदान गरिने छ ।

५) रू. दस लाख वा सो भन्दा बढी सहयोग पुऱ्याउने दातालाई संरक्षक सदस्य बनाउन सकिने छ ।

ख) कुनै व्यक्ति वा संघ संस्थालाई मानार्थ सदस्यता दिंदा यस्तो सदस्यको मताधिकार हुने छैन ।

**९. सदस्यको अयोग्यताः**

१) कुनै व्यक्ति देहाय बमोजिम रहेछ भने त्यस्ताले क्लबको सदस्य हुन पाउने छैन ।

क) नैतिक पतन ठहरिने फौजदारी अभियोगमा सजाय पाएको व्यक्ति ।

ख) मगज बिग्रेको व्यक्ति ।

ग) क्लब्का विरूद्ध प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न व्यक्ति ।

घ) सामाजिक संघ संस्थाको सम्पत्ति हिनामिना गरेवापत सजाय पाएको व्यक्ति ।



Scanned by CamScanner

## परिच्छेद – ४ साधारण सभा तथा कार्य समिति

***१०. साधारण सभा (गठन):**

साधारण सभा क्लबको सर्वोच्च अंग हुनेछ । दफा ७ (क,ख,ग र घ) मा उल्लेखित सबै प्रकारका व्यक्तिहरू सदस्य हुनेछन् तर मानार्थ सदस्य र संरक्षकले मताधिकार पाउने छैन ।

**११. साधारण सभाको अधिवेशन:**

साधारण सभा साधारणतया वर्षको एक पटक कार्य समितिले तोकेको समय र स्थानमा हुनेछ । तर कार्य समितिले खास कार्यको लागि वा निश्चित कार्यको लागि सल्लाह गर्न चाहेमा २१ दिन अगावै कार्य सूची सहित लिखित सूचना दिई बैठक बोलाउन सक्नेछ ।

यस बाहेक ५० प्रतिशत सदस्यहरूले विषय सूची समेत लिखित रूपमा आग्रह गरेमा अध्यक्षले विशेष साधारण सभा बोलाउन सक्नेछ ।

साधारण सभा बोलाउनु पर्दा साधारणतया २१ दिन अगावै अधिवेशन हुने स्थान र मितिको लिखित सूचना सबै सदस्यहरूलाई पठाउनु पर्नेछ । यो सूचना पठाउँदा वार्षिक प्रतिवेदन र कार्यक्रम समेत पठाउनु पर्नेछ ।

साधारण सभाको बैठकको लागि गणपूरक संख्या पहिलो पटकका लागि ५१ प्रतिशत हुनुपर्ने र दोश्रो पटकमा कूल संख्याको १/३ (एक तिहाइ) भन्दा बढी हुनुपर्दछ । साधारण सभामा बहुमतको राय मान्य हुनेछ ।

**१२. साधारण सभाको काम, कर्तव्य र अधिकार:**

क) दफा ५ बमोजिमको उद्देश्य अनुरूप कार्य सूची तयार गरी कार्यक्रम तर्जुमा गर्ने तथा स्वीकृति गर्ने ।

ख) कार्य समितिद्वारा प्रस्तुत वार्षिक कार्यक्रम प्रतिवेदन, आयव्यय र लेखा परीक्षकको प्रतिवेदन स्वीकृत गर्ने र बजेट पारित गर्ने ।

ग) लेखा परीक्षकको नियुक्ति, पारिश्रमिक तोक्ने ।

**१३. कार्य समिति गठन**

१. क्लबको कार्य संचालनका लागि अध्यक्ष १, उपाध्यक्ष १, महा-सचिव १, उप-महासचिव १, कोषाध्यक्ष १ र सदस्य समेत गरी बढीमा १५ जनाको कार्य समितिको गठन हुनेछ ।



Scanned by CamScanner

२. साधारण सभाले कार्य समितिका निमित्त अध्यक्ष १ र १० सदस्य समेत ११ जना छान्नेछ, अध्यक्षले सदस्य बाहेक चिकित्सक वा प्रतिष्ठित व्यक्तिहरूमध्येबाट बढीमा ३ जना व्यक्ति मनोनित गर्न सकिनेछ ।

३. निवर्तमान अध्यक्ष स्वतः कार्य समितिको पदेन सदस्य हुनेछ ।

४. कार्य समितिको कार्य अवधि २ वर्षको हुनेछ । कार्य अवधि बाँकी छँदै कुनै कारणवश कुनै सदस्य रिक्त हुन आएमा साधारण सदस्यहरूमध्येबाट कार्य समितिले सहवरण गर्न सकिनेछ ।

५. कार्य समिति साधारण सभा प्रति उत्तरदायी हुनेछ ।

६. क्लबलाई आवश्यक सर-सल्लाह प्रदान गर्न कार्य समितिले बढीमा ५ जनासम्मलाई सल्लाहकारमा मनोनित गर्न सक्नेछ ।

७. अध्यक्षले कार्य समितिका सदस्यहरूमध्येबाट उपाध्यक्ष, महा-सचिव, उप-महासचिव र कोषाध्यक्ष मनोनय गरी कार्य विभाजन निर्वाचन पश्चात पहिलो बैठकमा गर्नेछ ।

*१३. क. जिल्ला स्तरीय हार्ट क्लब नेपाल गठन गर्दा सभापति समेत बढीमा १५ जनासम्मको जिल्ला कार्य समिति गठन गर्न सकिनेछ । जिल्ला कार्य समितिले पनि हार्ट क्लब नेपालको विधानको अधिनमा रही काम कार्यवाही गर्नुपर्ने छ, तर कुनै विषयमा दुविधा उत्पन्न भएमा ललितपुरस्थित केन्द्रिय हार्ट क्लब नेपालको निर्णय अन्तिम हुनेछ ।

१४. **कार्य समितिको बैठकः**

१) समितिको वैठक साधारणतया प्रत्येक तीन महिनामा एक पटक बस्नेछ ।

२) उप दफा (१) बमोजिम वैठक नबोलाएमा कार्य समितिको एक तिहाइ सदस्यहरूको लिखित अनुरोधमा वैठक बोलाउनु पर्ने छ ।

३) वैठकको लिखित वा मौखिक सूचना सबै सदस्यहरूलाई सामान्यतया २ दिन अगावै र आकस्मीक वैठकको लिखित सूचना २४ घण्टा अगावै दिनु पर्नेछ ।

४) कार्य समितिको वैठकको लागि गणपूरक संख्या समितिको सदस्य संख्याको एक तिहाइ हुनेछ र वहुमतको राय समितिको राय मानिनेछ ।

५) समितिमा मत बराबर भएमा अध्यक्षले निर्णयक मत दिन पाउनेछ ।

६) कार्य समितिका सदस्य बाहेक अन्य सदस्यहरूलाई पनि आवश्यकतानुसार वैठकमा आमन्त्रण गर्न सकिनेछ ।



Scanned by CamScanner

१५. **कार्य समितिको काम, कर्तव्य, अधिकारः**

साधारण सभाको निर्देशनका अधिनमा रही कार्य समितिको काम तथा कर्तव्य देहाय बेमाजिम हुनेछ ।

क) साधारण सभाद्वारा पारित प्रस्तावहरू कार्यान्वयन गर्नु गराउनु ।

ख) उप समिति गठन गर्ने र आवश्यकता अनुसार अधिकार प्रत्यायोजना गर्ने ।

ग) कुनै व्यक्तिलाई सम्मान पत्र/आदर पत्र दिने वा पारितोषिक प्रदान गर्ने ।

घ) कुनै व्यक्तिलाई संरक्षक, आजीवन, विशिष्ट, अति विशिष्ट सदस्यता प्रदान गर्ने ।

ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार, वैठक वा गोष्ठीको लागि प्रतिनिधि पठाउने ।

च) चल अचल सम्पत्ति खरीद गर्ने, प्राप्त गर्ने वा हक छाडी लिने/दिने ।

छ) कुनै व्यक्ति संस्था वा सरकारसँग प्रचलित कानून बमोजिम सम्झौता गर्ने गराउने ।

ज) कुनै कारणवश कार्य समितिको सदस्यको स्थान रिक्त हुन आएमा कार्य समितिले साधारण सदस्यहरूमध्येबाट बाँकी अवधिको लागि पद पूर्ति गर्ने ।

झ) स्वीकृत रकम आवश्यकतानुसार रकमान्तर गरी खर्च गर्ने ।

ञ) यस विधानको व्याख्या गरी बाधा अड्काउ फुक्का गर्ने ।

ट) यस विधान अन्तर्गत रही नियम, विनियम बनाउने ।

ठ) क्लबको हित सम्बन्धी आवश्यक अन्य कुनै विषयमा निर्णय गर्ने ।

दफा १५ ख बमोजिम निम्न उपसमिति वा आवश्यकतानुरूप अन्य कुनै विषयको उपसमिति गठन गर्न सक्नेछ ।

क) कार्यक्रम उपसमिति

ख) सहयोग आदान प्रदान तथा सम्पर्क उपसमिति

ग) मनोञ्जन, स्वास्थ्य सेवा उपसमिति

घ) सदस्यता संकलन उपसमिति

उपसमितिले-कार्यविधि आफैं निर्धारण गर्नेछ ।



Scanned by CamScanner

## परिच्छेद – ५ पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

१६. **पदाधिकारीहरूको काम तथा कर्तव्यः**

देहायको पदाधिकारीहरूको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ ।

१) **अध्यक्ष :**

क) नेपाल सरकार, अदालत र अन्य व्यक्ति वा संस्थासँगको सम्बन्धमा संघको प्रतिनिधित्व गर्ने गराउने ।

ख) साधारण सभा र कार्य समितिद्वारा गरिएका निर्णयहरूको कार्यान्वयन गर्ने गराउने ।

ग) कार्य समितिको बैठक नबसेको अवस्थामा कुनै कार्य गर्न आवश्यक देखिएमा सो कार्य गरी आगामी बैठकमा अनुमोदनको लागि पेश गर्ने ।

घ) क्लबको सम्पूर्ण सम्पत्तिको संरक्षण, रेखदेख र नियन्त्रण गर्ने ।

ङ) पदाधिकारी, सदस्यहरू वा कर्मचारीमा कामको बाँडफाँड गर्न निर्देशन दिने ।

च) उप समितिका पदाधिकारीहरूको संयोजन तथा सदस्यहरू तोक्ने ।

२) **उपाध्यक्ष :**

क) अध्यक्षको कार्यहरूमध्ये निजबाट तोकिए बमोजिम कार्य गर्ने ।

ख) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षको काम गर्ने ।

३) **महा-सचिव :**

क) साधाराण सभाको बैठक बोलाउने ।

ख) कार्यालयको दैनिक प्रशासनिक कार्य रेखदेख, अन्तर्राष्ट्रिय संघ संस्था तथा नेपाल सरकारसँग पत्र-व्यवहार गर्ने ।

ग) साधारण सभा र कार्य समितिको बैठकको कार्य सूची तयार पार्ने, सूचना निकाल्ने र बैठकको निर्णय पुस्तिका राख्ने ।

घ) साधारण सभामा वार्षिक प्रतिवेदन र आगामी वर्षको कार्यक्रम पेश गर्ने ।

ङ) अध्यक्षले दिएको निर्देशन बमोजिम कार्य गर्ने ।

४) **कोषाध्यक्ष :**

क) साधारण सभामा वार्षिक आय व्ययको प्रतिवेदन पेश गर्ने ।



Scanned by CamScanner

ख) कार्य समितिले निर्धारण गरे बमोजिम हिसाब किताब राख्ने ।

ग) आर्थिक प्रशासन सम्बन्धी सबै विषयहरूको जिम्मेवारी लिने ।

५) उप-महासचिव :

क) महा-सचिवको कार्यहरूमध्ये तोकिए बमोजिम कार्य गर्ने ।

ख) महा-सचिवको अनुपस्थितिमा महा-सचिवको काम गर्ने ।

दफा १६ बमोजिम पदाधिकारीहरूले आफ्नो पदावधि पछि नयाँ निर्वाचित पदाधिकारीलाई आफू जिम्मा रहेको नगद, जिन्सी, कागजातहरू हस्तान्तरण गर्नु पर्नेछ ।

**१७. आर्थिक स्रोतहरू:**

क्लबको आर्थिक श्रोतहरू देहाय बमोजिम हुनेछ ।

क) सदस्यता शुल्क ।

ख) चल अचल सम्पत्तिबाट हुने आम्दानी ।

ग) दान, उपहार, विदेश वा अन्तर्राष्ट्रिय संघ संस्थानबाट प्राप्त दान, उपहार ।

घ) नेपाल सरकारबाट प्राप्त अनुदान ।

ङ) राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ-संस्थाबाट रकम लिंदा नेपाल सरकारको प्रचलित नियम बमोजिम लिइने छ ।

**१८. चल अचल सम्पत्तिको विवरण :**

क्लबको चल अचल सम्पत्तिको दुरूस्त अभिलेख राखिने छ ।

**१९. कोष:**

१) दफा १७ बाट प्राप्त रकमहरू क्लबको नामबाट कोष खडा गरी नेपालको कुनै बैंकमा जम्मा गरिनेछ ।

२) उपदफा (१) बमोजिम खडा भएको मूल कोष अध्यक्ष, महा-सचिव र कोषाध्यक्ष मध्ये कुनै दुईजनाको संयुक्त हस्ताक्षरबाट खाता सञ्चालन हुनेछ ।

***२०. लेखा परीक्षण:**

१) क्लबको वार्षिक लेखा परीक्षण साधारण सभाबाट नियुक्त रजिष्टर्ड लेखापरीक्षकबाट हुनेछ ।



Scanned by CamScanner

२) क्लबको चल अचल सम्पत्तिको दुरूस्त अभिलेख राखिने छ ।

३) लेखा परीक्षणको प्रतिवेदन प्रत्येक वर्ष स्थानीय अधिकारीलाई उपलब्ध गराइने छ ।

## परिच्छेद- ६ विविध

**२१. निर्वाचन सम्बन्धी व्यवस्थाः**

१) कार्यसमितिको निर्वाचनको निमित्त कार्य समितिले उचित ठानेका तर उम्मेदवार नहुने सदस्यहरूमध्येबाट कुनै एक सदस्यलाई निर्वाचन अधिकृत नियुक्ति गर्नेछ ।

२) कार्य समितिको अध्यक्ष र सदस्यहरूको निर्वाचन निर्वाचन अधिकृतबाट निर्धारित प्रकृया बमोजिम निर्वाचन संचालन हुनेछ ।

३) निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धी विषयमा गरेको निर्णय अन्तिम हुनेछ ।

४) निर्वाचनको लागि चाहिने सबै कार्यविधि, निर्वाचन मिति, स्थान र कार्यक्रम निर्वाचन अधिकृतबाट निर्धारित हुनेछ ।

५) संस्था दर्ता भएको ६ महिनाभित्र नयाँ कार्य समितिको निर्वाचन गराई स्थानीय निकायलाई जानकारी दिईनेछ ।

**२२. उम्मेदवार हुन अयोग्यताः**

मानार्थ सदस्य र सल्लाहकार कुनै पनि पदको निर्वाचनमा उम्मेदवार हुन पाउने छैन ।

**२३. अविश्वासतको प्रस्तावः**

१) कार्य समिति वा त्यसको कुनै सदस्य माथि साधारण सभामा अविश्वासको प्रस्ताव पेश गर्न सकिनेछ । तर निर्वाचन भएको ६ महिनाभित्र अविश्वासको प्रस्ताव पेश गर्न सकिने छैन ।

२) साधारण सभाको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत सदस्यहरूको हस्ताक्षर नभएमा अविश्वासको प्रस्ताव पेश गर्न सकिने छैन ।

३) अविश्वासको आरोप लागेको सदस्यलाई सो आरोपको सम्बन्धमा कम्तीमा १ हप्ताको समय आफ्नो सफाइ पेश गर्न मौका दिइनेछ ।

४) उपस्थित सदस्य संख्याको २/३ (दुई तिहाइ) मत प्राप्त नभएमा त्यस्तो प्रस्ताव पारित गरिने छैन ।



Scanned by CamScanner

५) अविश्वासको प्रस्ताव पारित भएमा जसको विरूद्ध सो प्रस्ताव पारित भएको हो सो सदस्य कार्य समितिको आफ्नो पदबाट स्वतः हट्ने छ ।

**२४. विधान संशोधनः**

१) विधान संशोधन सम्बन्धी प्रस्ताव कुनै सदस्यले पेश गर्नु परेमा साधारण सभाको वैठक वस्नु भन्दा १५ दिन अगावै घटीमा ५/५ जना प्रस्तावक र समर्थकको हस्ताक्षर सहित प्रस्ताव कार्य समितिको कार्यालयमा लिखितरूपमा पुग्नु पर्नेछ । यसरी प्रस्तुत हुन आएका प्रस्तावको सम्बन्धमा कार्य समितिले उचित ठानेमा आफ्नो राय समेत दिइ साधारण सभाको वैठकमा पेश गर्नेछ ।

कार्य समितिले विधान संशोधन गर्नुपर्ने आवश्यक देखिएमा विधान संशोधनको प्रस्ताव साधारण सभा बस्नुभन्दा कम्तीमा २१ दिन अगावै सदस्यहरूलाई साधारण सभाको वैठक बोलाउने सूचना कार्यक्रम सहित लिखितरूपमा पठाउनु पर्नेछ ।

२) विधान संशोधन बारे कुनै प्रस्ताव साधारण सभामा उपस्थित सदस्यहरूको संख्याको २।३ (दुई तिहाइ) सदस्यको बहुमतले पारित हुनेछ र स्थानीय अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ ।

३) यो विधान तथा यसका संशोधनहरू प्रचलित कानून बमोजिम स्वीकृत भएपछि लागू हुनेछ ।

**२५. सदस्यताबाट हट्ने अवस्थाः**

समितिका सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ ।

क) अध्यक्षले कार्य समिति समक्ष र सो बाहेक अरूले अध्यक्षसमक्ष दिएको राजीनामा स्वीकृत भएमा ।

ख) मृत्यु भएमा ।

ग) क्लबको उद्देश्य विपरित आचरण गरेको देखिएमा साधारण सभाबाट सदस्यता खारेज गरेमा ।

**२६. नियम बनाउने :**

क्लबले आफ्नो कार्य संचालनका लागि यस विधानको अधिनमा रही नियम विनियम बनाउन सक्नेछ ।



Scanned by CamScanner

२७. **क्लबको विघटन:**

कुनै कारणवश क्लब विघटन हुने भएमा क्लबको साधारण सभाबाट निर्णय भए बमोजिम कुनै सामाजिक संस्थालाई आफ्नो सम्पत्ति हस्तान्तरण वा नेपाल सरकारलाई हस्तान्तरण गर्न सक्नेछ ।

२८. **बचाउ:**

संस्था दर्ता नहुन्जेल वा संस्था दर्ता भएपछि पहिलो साधारण सभा नहुन्जेल हार्ट क्लब नेपाल (Heart Club Nepal) को संस्थापक सदस्यहरूको तदर्थ कार्य समिति रहनेछ । यस तदर्थ कार्य समितिले गरेको काम कार्यवाही यसै विधान अन्तर्गत गठित कार्य समितिले गरे सरह मान्य हुनेछ ।

२९. **निस्कृयता:**

यस विधानमा उल्लेखित कुनै कुरा प्रचलित ऐन कानूनसँग बाँझिन गएमा बाँझिएको हदसम्म स्वत: निस्कृय हुनेछ ।



Scanned by CamScanner


## अनुसूची - १

### संस्थापक सदस्यहरूको विवरण

| | | | |
|---|---|---|---|
| १. | डा. राणा कृष्ण जंग, | सभापति | धोबिघाट, ललितपुर |
| २. | कृष्णमान श्रेष्ठ, | उप-सभापति | चाकुपाट, ललितपुर |
| ३. | पुष्प मान कायस्थ, | सचिव | कुमारीपाटी, ललितपुर |
| ४. | डा. महेश्वर भारती, | उप-सचिव | पुल्चोक, ललितपुर |
| ५. | कोमल राजभण्डारी, | कोषाध्यक्ष | नयाँ बानेश्वर, काठमाडौं |
| ६. | राम बहादुर प्रधान, | सदस्य | नयाँ बानेश्वर, काठमाडौं |
| ७. | बद्रि प्रसाद पोखरेल, | " | ठमेल, गल्कुपाखा, काठमाडौं |
| ८. | महामंगल बज्राचार्य, | " | टेकु, काठमाडौं |
| ९. | कृष्ण गोपाल श्रेष्ठ, | " | मखन, काठमाडौं |
| १०. | भीम महत, | " | कुपण्डोल, ललितपुर |
| ११. | भरत लाल श्रेष्ठ, | " | सुन्धारा, ललिपुर |
| १२. | राम लाल श्रेष्ठ, | " | जावलाखेल, ललितपुर |
| १३. | दुर्गानाथ शर्मा, | " | पुरानो बानेश्वर, काठमाडौं |

## अनुसूची - २

## अनुसूची - २ (क)






Scanned by CamScanner

## अनुसूची – ३

श्रीमान् अध्यक्ष ज्यू,
हार्ट क्लब नेपाल ।

### विषयः सदस्यता पाउँ ।

महोदय,

त्यस क्लबको उद्देश्य र कार्यक्रम प्रति मेरो दृढ आस्था र विश्वास रहेको हुँदा क्लबको विधानलाई स्वीकार गरी सदस्यता प्राप्त गर्न ईच्छुक भएकोले आजीवन / विशिष्ट / अति विशिष्ट सदस्यको शुल्क रू. ........................... सहित निवेदन दिएको छु ।

कृपया, निवेदन स्वीकृत गरि सेवा गर्ने मौका प्रदान गर्नु हुनेछ ।

मेरो व्यक्तिगत विवरण

नाम थर : ..........................................................................

ठेगाना : ..........................................................................

टेलिफोन नं./मोबाइल नं. : ..........................................................................

जन्म मिति : ..........................................................................

छोरा/छोरीको संख्या : ..........................................................................

बाबु/पति/पत्नी/को नाम : ..........................................................................

रोगको विवरण : ..........................................................................

..........................................................................

चिकित्सकको नाम : ..........................................................................

______________________

दस्तखत



Scanned by CamScanner